# पुस्तक समीक्षा

**सावित्री गौतम, कैलाश राई र प्रत्यूष वन्त, सं. । २०७८ । *समानताको रिले दौड* । काठमाडौँ : मार्टिन चौतारी ।**

हामी र हामी अघिका धेरै पुस्ता इतिहासको एकलौटी वीरगाथा पढेर/सुनेर पुरुषको बहादुरीप्रति एकतर्फी दृष्टिकोण र विचार निर्माण गर्न बाध्य बनाइएका थियौँ । अबको पुस्तालाई त्यस्तो बाध्यता हुनेछैन र हुनु पनि हुँदैन । महिलाले आफूहरू पनि समाजमा बराबरीको हिस्सेदार हौँ भन्दै समान अधिकारका लागि आफ्नो व्यक्तिगत या व्यावसायिक जीवनमा लडेका लडाइँ कुनै युद्धभन्दा कम छैनन् । मार्टिन चौतारीद्वारा प्रकाशित *समानताको रिले दौड*मा समेटिएका १२ जना अग्रज महिलाका अन्तर्वार्ता पढ्दा यस्तो महसुस हुन्छ । महिलाले प्राप्त गरेका संवैधानिक र कानूनी अधिकारको जस यो पुस्तकमा समेटिएका हरेक महिलाले गरेको विद्रोहले पाउनुपर्छ र पाएको छ । "हिस्ट्री" को एकलौटी अनन्त दौडलाई चुनौती दिन "हर हिस्ट्री" ले आफ्नो यात्रा तय गरेको छ । प्रस्तुत पुस्तक हर हिस्ट्रीको दस्तावेजीकरण गर्ने एक महत्त्वपूर्ण कार्य हो । पुस्तक परिचयको शीर्षक नै सम्पादक सावित्री गौतमले "हर हिस्ट्रीको दस्तावेजीकरण" राख्नुभएको छ । यस खण्डमा गौतमले विश्वको महिला आन्दोलनको शुरूआत र नेपालको इतिहासदेखि वर्तमानको फेमिनिष्ट इन्टरनेट सम्मको परिवेशको झलक सर्सर्ति केलाउनु भएको छ ।

पुस्तकमा अन्तर्वार्ताको क्रम डा. मीना आचार्यबाट शुरू भएको छ । अध्ययन-अनुसन्धान मार्फत नेपाली महिलाको यथार्थ अवस्थालाई चित्रण गरी महिलाको पक्षमा नीति बनाउन र महिला लक्षित बजेट छुट्ट्याउने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएकी आचार्यको अन्तर्वार्तामा महिलाको तत्कालीन अवस्था, महिला प्रतिको दृष्टिकोण, महिलाको आर्थिक सशक्तीकरण, अर्थतन्त्रमा उनीहरूको योगदानका साथै महिलाको सामाजिक-साँस्कृतिक अवस्था समेटिएको छ ।

कठोर समयमा आफूले उठाएको आवाज र माग सही थियो भनेर प्रमाणित गर्न, मुद्दा स्थापित गर्न कति संघर्ष गर्नुपर्थ्यो भन्ने यथार्थ डा. अरुणा उप्रेतीको अन्तर्वार्ताले उजागर गरेको छ । सुरक्षित गर्भपतन सम्बन्धी कानूनी अधिकारका लागि गरेका संघर्षको फेहरिस्त उहाँको अन्तर्वार्तामा छ । यस्तै, लैंगिकता वा महिलाको विषय पनि पढ्ने वा पढाइनुपर्ने विषय हो र भन्ने मानसकितालाई निस्तेज पार्दै प्राज्ञिक क्षेत्रमा लैंगिक अध्ययनलाई स्थापित गर्न डा. चन्द्र भद्राले गरेको संघर्षबारे उहाँको अन्तर्वार्ताले जानकारी दिन्छ । हाकिमहरू फिल्ड भिजिट जाँदा "आफै खाना पकाएर नखुवाउनू" भन्दै चाँदनी जोशीले

महिला विकास अधिकृतहरूलाई निर्देशन दिएको रोचक प्रसंग पनि पुस्तकमा उल्लेख छ । मेडिकल डाक्टरको रूपमा काम गर्ने क्रममा भेटिएकी, बेचविखनमा परेर फर्केकी नुवाकोटकी एक महिलाका प्रश्न र उनीप्रति प्रहरीले गरेका दुर्व्यवहारको घटनाले रेणु अधिकारीलाई डाक्टरबाट अभियन्ता बनाएको प्रसंग उहाँको अन्तर्वार्ताबाट थाहा पाइन्छ ।

यसै गरी आदिवासी जनजाति महिलाले आफ्नै समुदायभित्र र मूलधारको महिला आन्दोलनसँग गर्नुपरिरहेको संघर्षका बारेमा यशो कान्ति भट्टचनको वार्ता पढ्दा थाहा हुन्छ । त्यस्तै, दलित महिला माथिको दोहोरो-तेहोरो हिंसा र विभेदका बारेमा दुर्गा सोव तथा कला मार्फत भइरहेको एक्टिभिजम्—आर्टिभिजम्—को अवधारणा सहितको अस्मिना रञ्जितको विचार पुस्तकमा समेटिएको छ ।

कानूनी रूपमा महिलालाई बलियो बनाउन मिरा ढुगांनाको प्रतिबद्धता, अपांगता र यस भित्रको विविधता एवं समावेशिताका बारेमा टीका दाहाल र मधेशी महिलाका मुद्दाका बारेमा रीता साहको अन्तर्वार्ताले प्रस्ट्याउन खोजेको छ । नेपालमा विभिन्न यौन अभिमुखीकरणप्रति आम धारणा र यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनका बारेमा थाहा पाउन चाहनेलाई दुर्गा थापाको अन्तर्वार्ताले गहकिलो खुराक प्रदान गर्छ ।

*समानताको रिले दौड*ले महिला आन्दोलनबारे प्राज्ञिक तथा प्राविधिक क्षेत्रको पृष्ठभूमिबाट आएका अग्रज महिला अधिकारवादीहरूसँगै जातीय र लैंगिक उत्पीडनका कारण अभियानमा सामेल भएका महिलाका व्यक्तिगत कथा र उनीहरूका विचारलाई समेटेको छ । पुस्तकलाई कुनै विषयगत खण्डमा विभाजन नगरिए पनि यसमा प्राज्ञिक कर्म मार्फत महिला आन्दोलनमा योगदान दिएका महिलाको विचार, प्राविधिक पेसा एवं कला मार्फत आफू भित्रको एजेन्सीलाई सार्वजनिक क्षेत्रमा ल्याएका अग्रज महिला, र सीमान्तमा पारिएका दलित, मधेशी, अपांगता र यौनिक तथा लैंगिक अल्पसंख्यक क्षेत्रको मोर्चामा अग्रपंक्तिमा खटेका महिलाहरूलाई क्रमशः स्थान दिइएको छ ।

नेपाली महिलाको सामाजिक आन्दोलनको झण्डै आधा शताब्दीको इतिहास यो पुस्तकमा छ । उमेरले आठ दशक पार गरेकी डा. मीना आचार्यदेखि तीन दशक पार गरेकी यौनिक तथा लैंगिक अल्पसंख्यक अभियन्ता दुर्गा थापालाई स्थान दिएर पुस्तकले महिला आन्दोलनमा पुस्तान्तरण र नेतृत्व हस्तान्तरण कसरी हुँदैछ भन्ने विषय औँल्याएको छ । भलै डा. मीना आचार्यको समयमा महिला भित्रको विविधतालाई सम्बोधन गर्ने उपयुक्त वातावरण थिएन होला । तैपनि आचार्यले नेपालका महिलाहरूको मर्यादास्तर नामक अनुसन्धानका लागि तयार पारेका प्रश्नावलीले नेपाली समाजलाई समेट्न सक्दैन, त्यसैले नेपालमा बसोबास गर्ने जनजातिहरूको छुट्टाछुट्टै अध्ययन नगरिकन नेपाली महिलाको यथार्थ चित्रण गर्न सकिँदैन भन्नुभएको छ । त्यसबाट उहाँले सन् १९७७ मै महिला

भित्रको विविधतालाई त्यसै अनुसार सम्बोधन गर्नुपर्ने आवश्यकता बोध गर्नुभएको रहेछ भन्ने प्रस्ट हुन्छ ।

पुस्तकमा समेटिएका हरेक व्यक्तित्वका विस्तृत जीवन-कथा एवं उनीहरूका विचार भविष्यका लागि गहन सन्दर्भ सामग्री बन्न पुगेको छ । यसले नेपालका महिला आन्दोलनको अग्रजहरूले आर्जन गरेका अनुभव एवं ज्ञान भावी पुस्तालाई हस्तान्तरण गर्नेछ । अर्कोतिर हामी नै हाम्रा आमा, हजुरआमा र आफूमाथि भएका विभेदलाई यसरी सामान्यीकरण गरेर हुर्क्यौं कि यस्ता व्यवहार विभेद र हिंसा थिए भनेर थाहा पाउन नै दुई दशक लाग्यो । तर अबको पुस्ता बुझ्ने भएदेखि नै आफूमाथि भएको हिंसा र विभेदविरुद्ध ठाउँको ठाउँ आवाज उठाउन सक्ने भएका छन् । उनीहरूले यस प्रकारको हिंसा वा विभेदलाई उनका आमा वा दिदीहरूले जसरी सामान्य रूपमा लिने छैनन् । यस्तो वातावरण बनाउन अघिल्लो पुस्ताले व्यक्तिगत, सामाजिक जीवनदेखि व्यावसायिक जीवनमा कति कठिन संघर्ष गरेका रहेछन् भन्ने बुझ्न र विश्लेषण गर्न यो पुस्तकमा संगृहीत अन्तर्वार्ताहरूले सघाउँछन् ।

पुस्तकले समेटेको अर्को महत्त्वपूर्ण पाटो महिला आन्दोलन भित्रको विविधता हो । महिला आन्दोलन भित्रको विविधता र समावेशिताको सवाललाई सम्बोधन गर्दै पुस्तकमा दलित, जनजाति, मधेशी, अपांगता र लैंगिक तथा यौनिक अल्पसंख्यकलाई समेटिएको छ । यसले मूलधारको महिला आन्दोलनलाई त्यहाँ भित्रका अरू समुदायका आन्दोलनले हेर्ने दृष्टिकोण र गरेका अपेक्षा पनि पुस्तक मार्फत सार्वजनिक भएको छ ।

खास गरी मूलधारको महिला आन्दोलनले "जसको सवाल उसैको नेतृत्व" र "भिक्टिमहुड टु एजेन्सी" भन्ने स्थापित मान्यतालाई स्वीकार गरेको छ । तर उनीहरूको मुद्दा स्थापित गर्न उनीहरूको आन्दोलनसँग हातेमालो गर्न भने चुकेको अनुभव दलित महिला आन्दोलनकी नेता दुर्गा सोव, जनजाति महिला आन्दोलनकी यशो कान्ति भट्टचन, मधेशी महिला आन्दोलनकी रीता साहले व्यक्त गरेका छन् । महिला भित्रको विविधता र यिनीहरूको आन्दोलनको समग्र रूप नै महिला आन्दोलन हो र यी आन्दोलन सफल भए मात्र मूलधारको महिला आन्दोलन सफल हुन्छ भन्ने तर्क अपांगता महिला आन्दोलनकी नेता टीका दाहालको छ । त्यसैले, यो पुस्तकले मूलधारे महिला आन्दोलनले सच्च्याउनुपर्ने र सच्चिनुपर्ने कुरालाई समेत उजागर गरेको छ ।

पुस्तकमा समेटिएका व्यक्तित्वका महिलाका विविध मुद्दामा केन्द्रित अन्तर्वार्ता र विचारहरूमा आफ्ना विविधता भित्रका विशिष्ट आवश्यकता र फरक समस्याबारे पनि प्रकाश पारिएको छ । अनि तिनलाई हेर्ने र सम्बोधन गर्ने समाज र राज्यकै दृष्टिकोण कस्तो छ र त्यसमा नेपाली समाज वा राज्यले कति संवेदनशीलता देखाएको छ भन्ने समेत खुलाइएको छ । यसकारण यस पुस्तकले महिलाको विविधता भित्रका भिन्नता,

विशिष्ट आवश्यकता र फरक समस्यालाई बुझ्न र तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने बाटो समग्र महिला आन्दोलन, समाज र सरकारलाई देखाएको छ ।

सञ्चार माध्यममा महिलाका मुद्दा उठ्ने नगरेका होइनन्, तर ती प्रायः निश्चित घटनामा केन्द्रित र टुक्रे सामग्री हुन्छन् । यो पुस्तकमा समेटिएका धेरैजसो विषय कुनै न कुनै रूपमा हामीले पत्रकारिताका क्रममा समेटेका भए पनि यसरी विस्तृत रूपमा आएका छैनन् । सञ्चार माध्यममा आएका ती सामग्रीको पनि व्यवस्थित अभिलेख हुन नसक्दा कति हराए भने कति भए पनि चाहिएको बेलामा भेट्टाउन मुश्किल छ । पुस्तकमा परेको कलाकार अस्मिना रञ्जितको आर्टिभिजम्को विषय नवीन र सशक्त छ । यसबारे सञ्चार माध्यममा पनि खासै चर्चा भएको पाइएको छैन । अस्मिनाले गरेको आर्टिभिजम्को विस्तृत व्याख्याले महिला आन्दोलनमा कला क्षेत्रबाट भएको योगदानलाई बुझ्न सघाएको छ । महिला आन्दोलनलाई सामाजिक र प्राज्ञिक क्षेत्रबाट गरिएको योगदानको यो तहको जानकारी एउटै पुस्तकमा आउनुलाई "हर हिस्ट्री" को जग निर्माणमा थप इँटा मान्न सकिन्छ ।

अन्तर्वार्ता लिँदा धेरैजसो खुला प्रश्नहरू सोधिएका कारण अन्तर्वार्ता दिनेहरूले विषयलाई गहिरो गरी व्याख्या गरेर भन्न प्रशस्त ठाउँ पाएका छन् । तत्कालीन समय र सामाजिक परिस्थिति, विषयवस्तुप्रति सामाजिक दृष्टिकोण र आफूले व्यक्तिगत र व्यावसायिक जीवनमा गरेका संघर्षले सार्वजनिक रूपमा ल्याएको परिवर्तन समेत सिलसिला मिलाएर व्याख्या गर्न यस्ता खुला प्रश्नले निकै सघाएको छ । यसरी विषय र प्रसंगलाई सिलसिलाबद्ध राख्न सम्पादक मण्डलले गरेको मेहनत पुस्तक पढ्दै जाँदा छर्लंग हुन्छ । हामी रेडियोमा काम गरेर हुर्केका व्यक्तिलाई यस्ता खालका खुला प्रश्न अतिथिलाई सोध्दा एउटै प्रश्नले २०/२५ मिनेट खाइदिने हुनाले त्यो सम्भव हुँदैन । त्यसैले, पत्रकारिताका तालिममा त्यस्तो खुला प्रश्न नसोध्न गुरुहरूले सिकाउनुहुन्थ्यो । समयको दायरामा बाँधिनु नपर्दा खुला प्रश्नको आफ्नै महत्त्व रहेको यसबाट पुष्टि हुन्छ ।

*समानताको रिले दौड*मा प्राज्ञिक "फ्लेवर" का तथ्य-तथ्यांक, केस स्टडी, ग्राफ र यसको विश्लेषण छैन तर यसमा समेटिएका व्यक्तित्वहरूका अनुभवले तत्कालीन र वर्तमान समाजमा महिलाको अवस्था, स्तर, उनीहरू माथिका हिंसा र विभेदका ग्राफहरू मज्जाले कोरिएको छ । अन्तर्वार्तामा आएका तथ्यहरू अनुसन्धान गर्न चाहनेका लागि महत्त्वपूर्ण छन् । अन्तर्वार्तामा आएका विचार त भइहाले, पुस्तकमा प्रयोग गरिएका सन्दर्भ सामग्रीबाट समेत धेरै तथ्य र तथ्यांक फेला पार्न सकिन्छ । जस्तै, डा. मीना आचार्यकै अन्तर्वार्तामा प्रयोग गरिएका सन्दर्भ सामग्री बारेमा कतिपयलाई थाहा नहुन सक्छ । यो अन्तर्वार्ता पढेपछि ती सन्दर्भ सामग्री खोजेर पढ्ने भोक जाग्न सक्छ ।

पुस्तकको अर्को सकारात्मक पाटो अन्तर्वार्ता लिने व्यक्तिहरूको छनोट पनि हो । अन्तर्वार्ता दिन विषयगत रूपमा छानिएका महिलाहरूको विज्ञता, आन्दोलनमा उनीहरूको

सहभागिता र योगदानलाई बुझेका विज्ञ अन्तर्वार्ताकारहरूका कारण पनि उहाँहरूको विचार मसिनो र बलियो गरी आउन मद्दत पुगेको देखिन्छ ।

महिलाको क्षमता प्रतिको अविश्वास, नजरअन्दाज, शंका र उनीहरूले उठाउने मुद्दाहरू प्रतिको बेवास्ता अहिले पनि उत्तिकै छ । हेर्ने र बुझ्ने दृष्टिकोणमा थोरै परिवर्तन भने भएको छ । उहाँहरूले काम गरेको त्यो समयमा अझै कस्तो थियो यो पुस्तक पढेर नै थाहा पाउन सकिन्छ । यी अन्तर्वार्ता पढ्दा लाग्छ उहाँहरू केही खरो र संघर्षशील नभई जागिर मात्रै खाएदिएको भए अहिले हाम्रो बाटो सायद यति सहज हुने थिएन ।

यी तमाम सकारात्मक विशेषताका बाबजुद पुस्तक पढ्दै जाँदा खट्केका केही पक्षहरू पनि छन् । पहिलो, पुस्तक प्रकाशनको समय उल्लेख भए पनि सम्बन्धित व्यक्तिसँग अन्तर्वार्ता लिइएको मितिबारे जानकारी दिइएको छैन । दोस्रो, सामाजिक आन्दोलनमा लागेका महिलाहरू पनि विभिन्न आलोचना वा आरोपबाट मुक्त छैनन् । उदाहरणका लागि, आफूले नेतृत्व गरेका संस्थामा वर्षौंसम्म उनीहरूले नै कुर्सी ओगटेर बसेको, नयाँ पुस्तामाथि विश्वास गर्न नसकेको, परियोजनामुखी हुँदा कतिपय महत्त्वपूर्ण सवालहरू टुंगोमा नपुऱ्याई बीचमै छाडिदिने गरेको, आदि आलोचना उनीहरूमाथि हुने गरेको पाइन्छ । सार्वजनिक रूपमा उठेका यस्ता सवालहरूको जवाफ सम्बन्धित व्यक्तिहरूबाट खोतल्न सकिएको भए ती आरोप कति सही थिए वा थिएनन् भन्ने बुझ्न सघाउँथ्यो । उनीहरूले पनि आफूमाथि उठेका प्रश्नलाई प्रस्ट्याउने मौका पाउँथे ।

तेस्रो, पुस्तकले कार्यक्षेत्रगत हिसाबमा महिला भित्रको विविधतालाई सम्बोधन गर्न प्रयास गरको भए तापनि केन्द्रीय तहमा नै सक्रिय महिलाहरूलाई मात्र यहाँ समेटेको छ । भुईं तहमा रहेर नेपालको महिला आन्दोलनमा प्रशस्त योगदान पुऱ्याउने महिलाहरू पुस्तकमा छुट्न पुगेका छन् । केही प्रतिनिधि पात्रका रूपमा त्यस्ता महिलाहरू समेट्न सकेको भए देशका कुना-कन्दरामा बसेर आन्दोलन हाँकिरहेका महिलाका कथा केन्द्रमा बस्नेका भन्दा के-कति भिन्न रहेछन् भनेर बुझ्न पाइन्थ्यो । चौथो, अन्तर्वार्ता क्रममा सोधिएका कतिपय प्रश्न संयुक्त र लामा छन् । त्यसले गर्दा कुनै-कुनै प्रश्नको जवाफ उत्तरदाताले दिएका छैनन् ।

अन्त्यमा, सामाजिक र प्राज्ञिक क्षेत्रबाट महिला आन्दोलनमा उल्लेख्य योगदान गरेका महिलाहरूलाई एउटै पुस्तकमा पढ्न पाउनु नेपालको महिला आन्दोलनमा रुचि राख्ने पाठकका लागि एउटा दुर्लभ अवसरका रूपमा लिनुपर्छ । *समानताको रिले दौड*को महत्त्व त्यसैले अझ बढ्न गएको छ ।

**दुर्गा कार्की**
काठमाडौं